गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
गण्डकी प्रदेश, पोखरा

फोन नं. : ०६१-५५०४६२
०६१-५२८५७३

प.स. : ०८०/०८१
च.नं. :

गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय शिक्षा विकास निर्देशनालय पोखरा, नेपाल

## शैक्षिक प्रदर्शनीका लागि सामाग्री पेश गर्ने सम्बन्धि सूचना

मिति:२०८०/०७/१९

यस निर्देशनालयको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक विकास कार्यक्रम शैक्षिक प्रदर्शनी कार्यक्रम मा सहभागी हुन चाहने विद्यालयहरुले स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड २०८० मा तोकिएको ढाँचामा उल्लेखित कागजात सहित सम्बन्धित स्थानीय तहको शिक्षा युवा तथा खेलकुद शाखामा विवरण पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी थप जानकारी,प्रस्ताव ढाँचा र प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु र छनोटका आधारहरु शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेश पोखराको वेबसाइट www.edd.gandaki.gov.np मा राखिएको स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड २०८० बाट प्राप्त गर्न सकिने छ ।

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम सम्बन्धि सूक्ष्म जानकारी |
|---|---|---|
| १ | शैक्षिक प्रदर्शनी कार्यक्रम | (क)विद्यालयहरुले आफुले निर्माण गरेका नमूनायोग्य एबम् अनुकरणीय सिकाइ सामाग्री प्रचार प्रसार तथा प्रवर्द्धनका लागि सामाग्रीहरु प्रदर्शन गर्न चाहेमा सम्बन्धित विद्यालय र स्थानीय तहको सिफारिस सहित अनुसूची ३५ बमोजिमको ढाँचामा मिति २०८०/०८/१५ गते भित्र विद्यालय रहेको सामाजिक विकास कार्यालय वा यस निर्देशनालयमा निवेदन पेश गर्नु पर्नेछ । निवेदन यस निर्देशनालयको इमेल ठेगाना edd.gandaki@gmail.com मा पनि पठाउन सकिनेछ ।<br><br>(ख) यस सम्बन्धी थप जानकारी, निवेदनको ढाँचा र प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेश पोखराको वेबसाइट www.edd.gandaki.gov.np मा राखिएको स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड २०८० बाट प्राप्त गर्न सकिने छ ।<br><br>। |

२०८०/७/१९

उप-महानिर्देशक
(अधिकृत दर्शी)

माननीय सुशिला सिंखडा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
गण्डकी प्रदेश

२.३८ शैक्षिक प्रदर्शनी

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | १ | १ | ६०० | दोस्रो, तेस्रो र चौथो |

| क.स. | शिर्षक | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको पृष्ठभूमि | शिक्षण सिकाइ क्रियाकलाप सहजता पुर्वक सञ्चालन गर्न आवश्यक पर्ने सिकाइ सामाग्री तथा प्रविधिसँग सम्बन्धित रही तयार भएका तथा सिकाइलाई सहज र व्यवहारिक तुल्याउन सहयोग गर्नका लागि शिक्षक तथा विद्यार्थीहरुबाट निर्मित र संकलित सिकाइ सामाग्रीको संवर्द्धन तथा प्रचार प्रसारका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २ | कार्यक्रमको उद्देश्य | शिक्षण सिकाइमा नयाँ प्रविधिसँग प्रत्यक्ष साक्षात्कार गराई बालबालिकामा अन्तर्निहित सिर्जनशीलता जागृत गराउँदै सिकाइलाई जीवन्त व्यबहारिक र अर्थपूर्ण बनाउदै शैक्षिक गुणस्तर सुधार र उपलब्धी वृद्धि गर्ने । |
| ३ | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालयहरु |
| ४ | बजेट बाँडफाड | कार्यक्रम संचालन एवं व्यवस्थापन, पुरस्कार लगायतका खर्चहरु |
| ५ | सञ्चालन गरिने क्रियाकलाप | यो कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका कार्यहरु सञ्चालन गर्नुपर्ने छ।<br>**क. सूचना प्रकाशनः** शिक्षक एवम् विद्यार्थीले आफुले निर्माण गरेका नमूना योग्य एबम् अनुकरणीय सिकाइ सामाग्री प्रचार प्रसार तथा प्रवर्द्धनका लागि कम्तिमा २१ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने ।<br>**ख. सामग्री मूल्याङ्कनको क्षेत्रः** शैक्षिक प्रदर्शनीमा सामग्री मूल्याङ्कनको क्षेत्र देहाय बमोजिम हुनेछ ।<br>१. विज्ञान र प्रविधि<br>२. गणित<br>३. सामाजिक क्षेत्र (भाषा, कला, साहित्य, संस्कृति, पुरात्त्व)<br>**ग. निवेदन संकलनः** शिक्षक र विद्यार्थीले आफूले निर्माण गरेका र गर्न सक्ने सामग्रीहरु प्रदर्शन गर्न चाहेमा सम्बन्धित विद्यालय र स्थानीय तहको सिफारिस र अनुसुची-३५ बमोजिमको ढाँचामा सामाजिक विकास कार्यालय वा शिक्षा विकास निर्देशनालयमा निवेदन दिनुपर्नेछ । निवेदन संकलन ईमेलबाट पनि पठाउन सक्ने व्यवस्था निर्देशनालयले मिलाउनु पर्नेछ ।<br>**घ. सामग्रीका विशेषताहरुः** प्रदर्शनका लागि पेश निर्माण भएका वा निर्माण हुने सामग्रीहरु देहाय बमोजिम हुनुपर्नेछ ।<br>१. शिक्षक वा विद्यार्थी स्वयमले वा एउटै विद्यालयका विद्यार्थीको समूहले निर्माण गरेको हुनुपर्नेछ ।<br>२. विद्यालय शिक्षाको शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्न मिल्ने प्रकृतिको हुनुपर्नेछ ।<br>३. स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीबाट निर्माण गरिएको हुनुपर्नेछ ।<br>४. सजिलै देख्न सकिने आकारमा निर्माण भएको हुनुपर्नेछ,<br>५. सामाजिक क्षेत्रका सामग्रीहरुले कुनै भूगोल, धर्म, जाती, सम्प्रदाय, परम्परा र संस्कारमा खलल पुग्ने खालको हुनु हुँदैन् । |

माननीय सुशीला सिंखडा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
गण्डकी प्रदेश

| | | |
|---|---|---|
| | | **ङ. सहभागीलाई जानकारी गराउनुपर्नेः** सूचनाको म्यादभित्र प्राप्त निर्वेदनहरुको गरी क्षेत्रगत रुपमा एकिकृत सूची तयार गरी सूचनाको म्याद समाप्त भएको मितिले ७ दिन भित्र उक्त विवरण निर्देशनालयको वेवसाइट मार्फत जानकारी गराउनुपर्नेछ भने कार्यक्रम सञ्चालन हुनुभन्दा १० दिन अगावै सम्बन्धित व्यक्ति वा समूहको संयोजकलाई सो सम्बन्धमा पत्राचार र टेलिफोन दुवै माध्यमले जानकारी गराई सहभागिको एकिन विवरण तयार गर्नुपर्नेछ ।<br>**च. कार्यक्रम सञ्चालनः** कार्यक्रम सञ्चालन गर्दा कुनै पनि परीक्षा सञ्चालन नहुने समय र वार्षिक परीक्षा सञ्चालन हुनुभन्दा २ महिना अगावै सम्पन्न गर्नुपर्नेछ साथै सहभागिको सङ्ख्या र स्रोत समेतलाई आधार मानि सकेसम्म शिक्षक र विद्यार्थीको प्रर्दशनी एकै दिनमा सञ्चालन गर्नुपर्नेछ । कार्यक्रम सञ्चालन सम्बन्धमा सबै स्थानीय तहहरु र स्थानीय तह मार्फत विद्यालयहरुलाई जानकारी गराउनु पर्नेछ ।<br>**छ. कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति गठन एवम् समितिको कार्य विविरणः** कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने कार्यका लागि देहाय बमोजिमको एक समिति गठन गर्नुपर्नेछ ।<br>१. निर्देशक,योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय- संयोजक<br>२. मन्त्रालयले तोकेको शिक्षा सेवाको अधिकृत प्रतिनिधि- सदस्य<br>३. निर्देशनालयले तोकेको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख- सदस्य<br>४. शाखा अधिकृत, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय-सदस्य सचिव<br>**समितिको कार्यविवरणः**<br>१. प्रर्दशनी सञ्चालन एवम् व्यवस्थापन,<br>२. आवश्यकता अनुसार मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहहरुसँग समन्वय गर्ने,<br>३. कार्यक्रम सञ्चालनको मिति समय र स्थान निर्धारण गर्न महानिर्देशक समक्ष सिफारिस गर्ने,<br>४. क्षेत्रगत रुपमा मूल्याङ्कनकर्ता छनौट,<br>५. पुरस्कार रकम निर्धारण,<br>६. सहभागी यातायात खर्च लगायत अन्य सुविधाहरु निर्धारण गर्ने।<br>**ज. समिक्षा एवम् प्रतिवेदनः** कार्य सम्पन्न भईसकेपश्चात मन्त्रालय समेतको सहभागितामा समिक्षा गर्ने र समग्र प्रतिवेदन तयार गर्ने । |
| ६. | अपेक्षित उपलब्धि प्रतिफल | • नविनतम सिकाइ प्रविधिको प्रयोग हुने ।<br>• सिकाइ उपलब्धी वृद्धि गर्न सहयोग पुग्ने ।<br>• सिकाइलाई जीवन्त,व्यबहारिक र दिगो बनाउन सहयोग पुग्ने।<br>• अन्तर्निहित प्रतिभा प्रस्फुटन एबम् गरेर सिक्ने बानिमा थप सहयोग पुग्ने |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | सिफारिस समितिको निर्णयको प्रतिलिपी, कार्यक्रमका विल भरपाईहरु, शैक्षिक प्रदर्शनी गर्दै गरेका फोटाहरु, तथा प्रतिवेदन । |
| ८. | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय , शिक्षा विकास निर्देशनालय |

अनुसुची- ३५

## शैक्षिक प्रर्दशनी कार्यका लागि निवेदन पेश गर्ने ढाँचा

१. शिक्षक/विद्यार्थीको विवरण

क. विद्यालयको नामः ठेगाना

ख. प्रधानाध्यापकको नामः सम्पर्कः ईमेल ठेगानाः

ग. शिक्षक/विद्यार्थीको नामः

घ. विद्यार्थीको अभिभावको नामः सम्पर्कः

ङ. अध्यापन गर्ने तह/अध्ययन गर्ने कक्षाः

च. स्थायी ठेगानाः

जिल्लाः स्थानीय तहको नामः वडा नं.

छ. सम्पर्क नम्बरः ईमेल ठेगानाः

ज. प्रदर्शन गर्न चाहेको सामग्रीको नामः

झ. सामग्रीको विषय क्षेत्र

१. विज्ञान र प्रविधि

२. गणित

३. सामाजिक क्षेत्र

ञ. सामग्री निर्माणमा प्रयोग भएका/हुने सामग्रीहरुको विवरण

ट. सामग्री प्राप्ती/खरिदका लागि स्रोतः

१. व्यक्तिगत लगानी

२. स्थानीय तहको सहयोग

३. अन्यः..

ठ. सामग्री निर्माणका लागि लागेको/लाग्ने अनुमानित लागत रु.

ड. सामग्रीको प्रयोगले शिक्षण सिकाइको लागि पुग्ने सहयोगको क्षेत्रः

ढ. यस पूर्व कुनै प्रर्दशनीमा सहभागी भएको/नभएकोः

ण. सहभागी भएको भएः

मितिः स्थानः आयोजकः

त. भविष्यको योजनाः

निवेदकको
हस्ताक्षरः
मिति

प्रधानाध्यापकको
हस्ताक्षरः
मितिः